# क्षीरेश्वरनाथ नगरपालिका कार्यालय

## महेन्द्रनगर, धनुषा, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हानको १५(पन्ध्र) दिने सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७२।१२।२८ गते

आ.व.२०७२/०७३ को सडक बोर्ड नेपाल तर्फको स्वीकृत कार्यक्रम अनुसार यस क्षीरेश्वरनाथ नगर पालिकामा तपसिलका कार्य गर्न निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको १५ (पन्ध्र दिने) सिलबन्दी दर भाउपत्र आव्हान गरिएको छ ।

***शर्तहरु:-***

१. दरभाउपत्र फाराम वापत रु ३००।- (पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म वा सो दिन विदा परे सो को भोलि पल्ट कार्यालय समयमा बुंदा नम्वर ६ मा उल्लेखित कागजातहरु निवेदन साथ पेश गरी खरिद गर्न सकिनें छ ।

२. खरिद भएको दरभाउपत्र फाराम फर्मले सिलवन्दी गरी खाम वाहिर आफ्नो फर्मको नामथर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा १६ औं दिनको १२ बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । उक्त दिन सार्वजनिक विदा परे उक्त कार्य कार्यालय खुलेको भोलि पल्ट हुनेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पुग्ने छैन । कारणवश सिलवन्दी दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा यो कार्य कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. दरभाउपत्र शर्त रहित केरमेट नभएको हुनुपर्नेछ यदि केरमेट भएमा केरमेट भएको ठाउमा दरभाउपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।

४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको श्री (ने.रा.बैंक जनकपुर), को धरौटी खाता नं. १६०४७०३/००१-०३०-५२४, कार्यालय कोड नं.१७-३६५-०३ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटींमा ९० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्ने छ ।

५. ठेक्का स्वीकृत भए पछि ठेक्का अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको श्री (ने.रा.बैंक जनकपुर),-,को धरौटी खाता नं. १६०४७०३/००१-०३०-५२४, कार्यालय कोड नं. १७-३६५-०३ खातामा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा ९० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।

६ दरभाउपत्रदाताको ग्राहयताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र साथ नोटरी पब्लिक बाट प्रमाणित गरिएका देहायका कागजात अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । (क) फर्म/संस्था/कम्पनीदर्ता प्रमाण पत्रको प्रतिलिपि (ख) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि (ग) दरभाउपत्रदाताले खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवशाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा प्रति (घ) आ.व. २०७१/०७२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

७. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ। दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । दरभाउपत्र फारमको प्रत्येक पानामा सम्वन्धीत ठेकदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ ।

८. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

९. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ ।

१०. दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ ।

११. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ। अन्य कुराहरु दरभाउपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

१२. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । यो सुचना www.chhireshwornathmun.gov.np मा समेत Download गरी हेर्न सकिने छ ।

| ठेक्का नं. | आयोजनाको नाम | ल.ई.रकम(मु.अ.कर वाहेक ) | धरोटी रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| RM-5/2072/073 | क्षीरेश्वरनाथ मन्दिर देखि झिझ सडक हुँदै हरिहरपुर मुल सडके मर्मत कार्य | १४,७७,८३२।६२ | ४४,३००।- | ३००।- | |

कार्यकारी अधिकृत